सेन्टर फर मिडिया रिसर्च – नेपाल

नीति पत्र

नीति पत्र शृङ्खला नं. ३२

साउन, २०७९

# गण्डकी प्रदेशः कानून निर्माणमा प्रेस तथा नागरिक स्वतन्त्रताको अवस्था

सन्तोष पोखरेल

## परिचय

नेपालको संविधान २०७२ ले संघीय, प्रादेशिक र स्थानीय गरी तीनवटै तहका सरकारलाई आ–आफनो क्षेत्राधिकारभित्र रही कानुन बनाउने अधिकार दिएको छ । त्यसैअनुरूप विभिन्न तहका सरकारले आ–आफनो आवश्यकताअनुसार नीति एवं कानूनहरू निर्माण गरेका छन् । गण्डकी प्रदेश सभाका साथै यो प्रदेशभित्र रहेका पोखरा महानगरपालिका, २६ नगरपालिका र ५८ गाउँपालिका गरी कूल ८५ वटा स्थानीय तहले पनि आ–आफनै हिसावले ऐन कानुन निर्माण गरिरहेका छन् । प्रस्तुत आलेखमा गण्डकी प्रदेश सभाका साथै गण्डकी प्रदेश अर्न्तगतका स्थानीय सरकारहरूले निर्माण गरेका ऐन कानुनहरूमा नागरिक स्वतन्त्रता (Civic Space) को अवस्थाको विषय विश्लेषण गरिएको छ । त्यसका लागि मिडियासम्बन्धी ऐन कानुनहरूका साथै संघसंस्था दर्तासम्बन्धी नीति एवं ऐनहरूको समीक्षा गरिएको छ ।

## मिडियासम्बन्धी कानूनको अवस्था

२०७५ साल असोज २३ गते बसेको गण्डकी प्रदेश सरकार मन्त्रीपरिषद् वैठकले 'प्रदेश आमसञ्चार नीति २०७५' लाई स्वीकृत गरेपछि लागु भएको हो । संविधानले परिकल्पना गरेको खुला, जनमुखी, पारदर्शी र जवाफदेही राज्य व्यवस्थालाई मुर्तरूप दिने भन्दै नेपालको संविधानले प्रत्याभूत गरेका सिद्धान्तलाई ध्यानमा राखेर प्रदेशको आन्तरिक तथा कानुन मन्त्रालयले यो नीति जारी गरेको हो ।

नीतिमा प्रेस स्वतन्त्रतालाई सुनिश्चित गर्न राष्ट्रिय–अन्तर्राष्ट्रिय र संघीय पूर्वाधार अनुकुलका प्रादेशिक पूर्वाधार तयार पारिने, प्रदेशभित्र सञ्चालन हुने छापाखाना र प्रसारणका माध्यममा कार्यरत जनशक्तिको योग्यता र क्षमता निर्धारण गरी आमसञ्चार माध्यमका विषयवस्तुलाई गुणस्तरीय, विश्वसनीय, र जवाफदेही बनाइने, आमसञ्चारका माध्यमहरूको वर्गीकरणका लागि रेडियो र

टेलिभिजनको हकमा उसले प्राप्त गरेको प्रसारण क्षमतालाई साना, मझौला वा ठूला सञ्चार माध्यमका रूपमा वर्गीकरण गरिने र त्यस्ता माध्यमहरूको सामुदायिक वा व्यवसायिक उदेश्यका आधारमा शर्त र सहुलियत किटान गरिने उल्लेख गरिएको छ । त्यस्तै, आमसञ्चारका माध्यमहरूमार्फत प्रस्तुत हुने सामग्रीमा प्रदेशभित्रको विविधता तथा भाषा र प्रस्तुतिको शिष्टता प्रवर्द्धन गरी स्थानीय क्षेत्रका सामग्रीहरूको उच्चतम सहभागिता गराउन प्रोत्साहित गरिने कुरा पनि नीतिमा उल्लेख छ ।

अनलाइन माध्यमका बारेमा सैद्धान्तिक र व्यवहारिक पक्षमा यो डमिडिया नीति प्रष्ट हुन सकेको छैन । अनलाइन माध्यमको अधिकतम उपयोग गरी लोकतान्त्रिक मूल्य मान्यतालाई संस्थागत, संघीयताको कार्यान्वयन, राज्यका विभिन्न निकायको निगरानी, नागरिकलाई सहज रूपमा सेवा प्रवाह लगायतका काम गर्न सकिन्छ । तर, नीतिको मस्यौदामा अनलाइन माध्यमप्रति अनुदार हुनुका साथै यसको विकास र विस्तारमा कार्यक्रमहरू स्पष्ट छैनन् ।[१]

## "गण्डकी प्रदेशमा आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७७"

गण्डकी प्रदेश सरकारले २०७५ मै प्रदेश आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक 'प्रदेश आमसञ्चार ऐन २०७५' को मस्यौदा तयार पारेको थियो । २०७५ मंसीर २५ गते बसेको गण्डकी प्रदेश मन्त्रिपरिषदको बैठकले प्रदेश आमसञ्चारसम्बन्धी विधेयक मस्यौदा गर्न सैद्धान्तिक स्वीकृति दिएपनि लामो समयसम्म मस्यौदा अघि बढेको थिएन । सो विधेयकलाई २०७७ चैत्र १ गते बसेको मन्त्रीपरिषद्को बैठकले 'गण्डकी प्रदेशमा आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' प्रदेशसभामा पेश गर्न स्वीकृति दिएको हो । त्यसैअनुसार आन्तरिक मामिला तथा कानुन मन्त्रालयले २०७७ चैत्र १८ गते प्रदेशसभा सचिवालयमा 'गण्डकी प्रदेशमा आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक २०७७' दर्ता गरेको हो । यो विधेयक अहिले पनि प्रदेशसभामा विचाराधीन अवस्थामा छ ।

गण्डकी प्रदेश सरकारको सञ्चार क्षेत्र हेर्ने मन्त्री अध्यक्ष, मन्त्रालयका सचिव र मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयका सचिव सदस्य, नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश समितिका अध्यक्ष, रेडियो, टेलिभिजन, छापा र अनलाइन सञ्चालक संस्थामध्ये मन्त्रालयबाट मनोनित कम्तीमा दुई जना महिलासहित चार जना सदस्य रहने र प्रेस रजिष्ट्रार सदस्य सचिव रहने गरी सञ्चार समन्वय समिति गठन गर्ने प्रावधान राखिएको छ । तर, यो समिति मिडियालाई सहजीकरण गर्नेभन्दा पनि नियन्त्रण तथा निर्देशित गर्ने निकायका रूपमा रहन सक्ने देखिन्छ ।[२] पत्रकार महासंघ प्रदेशको अध्यक्षबाहेक अन्य सबै सदस्य सरकार निकट रहने यस किसिमको समितिको खासै अर्थ पनि देखिँदैन । सञ्चारसँग सम्बन्धित विषयमा सुझाव दिन सम्बन्धित क्षेत्रका व्यक्तिहरु सम्मिलित समिति भए मात्रै त्यसको महत्व रहन्छ ।[३]

छापासञ्चार दर्ता भएको मितिले एक वर्षभित्र एक अंक पनि प्रकाशन नगरेमा, छापाखाना प्रकाशन नगरेको मितिले एक वर्षभित्र त्यसको लिखित सुचना प्रेस रजिष्ट्रारलाई नदिएमा तर दर्ता भइ सञ्चालनमा रहेको छापाखानाले पाँच वर्षसम्म पनि कुनै अंक प्रकाशन नगरेमा त्यस्तो छापा सञ्चारको दर्ता कायम नरहने भनी दफा १५ मा उल्लेखित प्रावधान नेपालको संविधान २०७२ सँग बाझिएको देखिन्छ । त्यस्तै, दफा २० को उपदफा ३ मा सार्वजनिक प्रसारण संस्था र सामुदायिक प्रसारण संस्थाले प्राथमिकतामा राखी प्रसारण गर्ने प्राथमिकताका विषय जुन हिसावले राखिएको छ, त्यो गलत छ । सञ्चार माध्यमको प्राथमिकता सम्पादकीय अधिकारको विषय हो जसलाई ऐनमा तोक्नु हस्तक्षेप र नियन्त्रण हो । आचार संहिताले सम्बोधन गर्ने प्रसारको काम कर्तव्य र अधिकारजस्ता विषयलाई दफा २३ मा राखिएको छ जुन आफैमा गलत हो । दफा ४२ मा प्रकाशन तथा प्रसारण गर्न नहुने बुँदाहरु राखिएको छ ।
नेपालको संविधानमा उल्लेख भएका र मिडियासँग सम्बन्धित विषयलाई फौजदारी कारवाही हुने गरी प्रदेशको कानुनमा नराख्दा उचित हुन्छ ।[४]

---

१ सीएमआर नेपाल । सन् २०१८ । गण्डकी प्रदेश आमसञ्चार नीति, २०७५ को मस्यौदामाथि टिप्पणी र सुझाव । http://www.mediapolicy.org.np/2018/09/media-policy-reviews-recommendations/430/

२ सीएमआर नेपाल । सन् २०१८ । गण्डकी प्रदेश आमसञ्चार नीति, २०७५ को मस्यौदामाथि टिप्पणी र सुझाव । http://www.mediapolicy.org.np/2018/09/media-policy-reviews-recommendations/430/

३ नागरिक दैनिक । २०७७ । स्वतन्त्रतामा संकुचन । सम्पादकीय, चैत २६ ।https://nagariknews.nagariknetwork.com/editorial/495901-1617851743.html

४ सीएमआर नेपाल । सन् २०१८ । गण्डकी प्रदेश आमसञ्चार नीति, २०७५ को मस्यौदामाथि टिप्पणी र सुझाव । http://www.mediapolicy.org.np/2018/09/media-policy-reviews-recommendations/430/

त्यस्तै, मिडियाको अनुगमन, नियमन र आचारसंहिता पनि प्रेस रजिष्ट्रारले  हेर्ने गरी दफा ३६ मा जे जस्तो व्यवस्था गर्न खोजिएको छ, त्यो गलत छ । दफा ५२ मा मन्त्रालयले प्रेस रजिष्ट्रारलाई आवश्यक निर्देशन दिन सक्ने र त्यस्तो निर्देशनको पालना गर्नु प्रेस रजिष्ट्रारको कर्तव्य हुने प्रावधानले कुनै पनि सरकारलाई आमसञ्चार माध्यमहरू उपर नियन्त्रण कायम गर्न र अभिव्यक्ति स्वतन्त्रतामाथि बन्देज लगाउन कानुनी आधार प्रदान गर्न सक्छ । आचार संहिताको विषय समेत हेर्ने अधिकार पाएको प्रेस रजिष्ट्रारलाई सरकारले निर्देशन दिन सक्ने प्रावधानको दुरूपयोग हुने संभावना पनि उत्तिकै छ । २०७५ सालमा तयार पारिएको विधेयकमा चाहिं मन्त्रालयले प्रेस रजिष्ट्रारलाई निर्देशन दिन सक्ने व्यवस्था राखिएको थिएन ।[५]

मस्यौदा सार्वजनिक भएपछि सञ्चारमाध्यममा ब्यापक विरोध पनि भयो जसका विरूद्ध समाचार लेखिएको हो, उसैले पत्रकारलाई दण्ड चलाउन सक्ने गरी गण्डकी प्रदेशमा कानुन बन्न लागेको भन्दै सञ्चारमाध्यममा यो मस्यौदाको आलोचना भयो ।[६] त्यत्ति मात्र नभई प्रदेश सरकारले प्रेसलाई कस्ने र नियन्त्रण गर्नेगरि कानुन ल्याएकै कारण विवाद निम्तिएको भन्दै सञ्चारमाध्यमले त्यो बेला आलोचना गरेका थिए । प्रकाशित समाचार वा विचारको विषयमा न्याय निरूपण गर्ने जिम्मा मन्त्रालयका सचिवलाई दिनु लोकतान्त्रिक प्रणालीको विरूद्धमा रहेको भन्दै सञ्चार माध्यमले विरोध जनाएका थिए । यसले प्रदेश सरकारको अलोकतान्त्रिक चरित्रलाई देखाएको छ नै साथै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रतालाई कुण्ठित गर्ने उद्देश्य पनि प्रष्टिएको छ ।[७]

विधेयकमा उल्लेखित प्रेस स्वतन्त्रताविरोधी प्रावधानलाई लिएर विरोध हुन थालेपछि प्रदेश सरकारका तत्कालिन आन्तरिक मामिला तथा कानुनमन्त्री हरिबहादुर चुमानले सरोकारवालासँग छलफल गरेर प्रेस स्वतन्त्रताविरोधी प्रावधान हटाउने जनाएका थिए । उनले 'प्रेसलाई नियन्त्रण गर्न खोजिएको होइन' भनी प्रस्टीकरण दिएपनि उनको भनाइलाई विश्वास गर्ने आधार नरहेको भन्दै आलोचना भएको थियो । त्यसो त कानुन तथा प्रदेशसभा मामिलामन्त्री बिन्दुकुमार थापाले कानुन बनाउँदा सरोकारवालासँग व्यापक रूपमा छलफल गर्नुपर्ने र आफु कानुन मन्त्रालयमा आएपछि यो विषयमा छलफल गरेको जनाए । विधायन समितिमा संशोधनको प्रस्ताव राखिने र सांसदले संशोधन प्रस्ताव राखेअनुसार संशोधन गर्न सकिने सम्भावना रहेको पनि उनले बताए । 'परिमार्जन गरेर मात्र अघि बढ्छौ । विधेयकमा रहेका कतिपय प्रावधानबारे सरोकारवालाको धारणा आएको छ, त्यसलाई पनि समेट्छौ', मन्त्री थापाले भने, 'विधेयक फिर्ता गरेर छलफलमा ल्याउनेभन्दा पनि विधायन समितिमा संशोधन प्रस्ताव सांसदमार्फत राखेर पत्रकारले चाहेजस्तो कानुन बनाउनेछौ ।'[८]

पत्रकार महासंघ कास्कीका सल्लाहकार दीपेन्द्र श्रेष्ठका अनुसार विधेयकबारे छलफल भएपनि परिमार्जन भएन । 'पेश भएको विधेयक प्रेस स्वतन्त्रतामैत्री छ त ? संविधान अनुकुल छ त ? यो विधेयकले पत्रकारको सहभागितालाई निश्चित गरेको छ वा मिडिया फस्टाउँछ ? यो विधेयक मिडिया नियमन गर्न वा नियन्त्रण गर्न खोजिएको हो ? मिडियाको विकासको लागि वा बन्द गराउने भन्नका लागि हो ? यतातिर ध्यान जान जाओस्', श्रेष्ठले भने ।[९] पत्रकार महासंघ, कास्कीका अध्यक्ष बिमला भण्डारीले पनि परिमार्जनसहित अघि बढाउनुपर्ने धारणा राखिन् । ' जतिबेला मस्यौदा सार्वजनिक भयो, त्यो बेला विरोध भएको हो । हामीले त्यतिवेला आफना कुरा भनेका पनि थियौं तर त्यस अनुसार परिमार्जन भएन । अफैपनि बिग्रेको कुरा छैन, अफै पनि परिमार्जन गर्न सकिन्छ । यसलाई परिमार्जन गरेर मिडियामैत्री बनाउनैपर्छ', भण्डारीले भनिन् ।[१०]

पत्रकार महासंघका केन्द्रीय सदस्य प्रदीप काफ्लेले विधेयकको विषयमा राज्यपक्षबाट छलछाम गर्ने नियत देखिएको बताउँदै भने, 'सदनबाट संशोधन गर्ने आश्वासन पाइएको छ । संशोधनभन्दा पनि पुर्नलेखन नै हुनुपर्छ । हामी सञ्चारकर्मी र सञ्चारगृहले यसको पुर्नलेखनका लागि दवाव दिनुपर्छ ।'[११] प्रेस काउन्सिल सदस्य दुर्गा भण्डारी

५ Ibid

६ श्रेष्ठ, युवराज । २०७७ । गण्डकी प्रदेश सरकारले ल्यायो सचिवले पत्रकारलाई कारवाही गर्न सक्ने विधेयक । सेतोपाटी, चैत २३ । https://www.setopati.com/politics/233735

७ नागरिक दैनिक । २०७७ । स्वतन्त्रतामा संकुचन । सम्पादकीय, चैत २६ । https://nagariknews.nagariknetwork.com/editorial/495901-1617851743.html

८ बिन्दुकुमार थापा, कानुन तथा प्रदेशसभा मामिला मन्त्री । सीएमआर नेपालले २०७८ भदौ १५ गते आयोजना गरेको प्रदेश छलफलमा ब्यक्त धारणा ।

९ दीपेन्द्र श्रेष्ठ, पत्रकार महासंघ कास्कीका सल्लाहकार । सीएमआर नेपालले २०७८ भदौ १५ गते आयोजना गरेको छलफलमा ब्यक्त धारणा ।

१० बिमला भण्डारी, नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष । सीएमआर नेपालले २०७८ भदौ १५ गते आयोजना गरेको छलफलमा व्यक्त धारणा ।

११ प्रदीप काफ्ले, नेपाल पत्रकार महासंघका केन्द्रीय सदस्य । सीएमआर नेपालले २०७८ भदौ १५ गते आयोजना गरेको छलफलमा ब्यक्त धारणा ।

पनि विधेयकलाई संशोधन मात्र नगरी पुर्नलेखन गर्नुपर्ने बताउँछिन् । संविधानको सञ्चारसम्बन्धी हकको प्रतिकुल हुनेगरि विधेयक आउन लागेको बताउँदै उनले भनिन्, 'राज्यले मिडियालाई नियन्त्रणमा राख्न खोजे जस्तो देखिन्छ । आचारसंहिता र प्रवर्द्धनका नाममा नियन्त्रणमा राख्न खोजेजस्तो देखिन्छ । केही विज्ञापन दिएको आधारमा नियन्त्रणमा राख्न खोजिएको छ ।'[१२]

पत्रकार महासंघका गण्डकी प्रदेश अध्यक्ष नारायण शर्मा चाहिँ यो कानुनलाई सञ्चारमाध्यमको मात्र हो भनेर बुझ्न नहुने धारणा राख्छन् । 'यसभित्र नागरिक अधिकारलाई नियन्त्रण गर्ने विषय राख्नु भएन । नागरिक अधिकारका लागि लडेका दलले यस्ता कानुन ल्याउने होईन । फौजदारी कानुन ल्याएर पत्रकार तह लगाउने कुरा आउँदैन । पत्रकार महासंघलाई यसका प्रावधान स्वीकार्य छैन ।'[१३]

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक),गण्डकीका संयोजक शिव खकुरेल सरोकारवाला पक्षसँग छलफल नगरी कानुन बन्ने गरेका छन । खकुरेलका अनुसार गण्डकी प्रदेशभित्र झन्डै ४५ कानुन बनाउँदा केहीमावाहेक नागरिक समाजलाई छलफलमा जोड्ने गरिएको छैन । 'हरेक पटक हामीले यो कुरा उठाएका छौ । कुनैपनि कानुन बन्नुअघि मस्यौदालाई लिएर नागरिक समाजमा छलफल हुनुपर्ने हो । कानुन बनाउँदा कुनै पनि हालतमा नागरिकका अधिकार संकुचन गर्न पाइदैन । सञ्चारमाध्यमले स्वतन्त्रतापूर्वक नागरिक अधिकार र बेथितिबारे लेख्न पाउँदैन भने नागरिक अधिकार संकुचन हुन्छ ।'[१४]

गण्डकी प्रदेश आमसञ्चार विधेयकको मस्यौदाको दफा १७ को उपदफा ५ मा रहेको प्रावधानले सञ्चारमाध्यम नियन्त्रण गर्ने देखिन्छ । अहिले पनि विदेशी च्यानलबाट विदेशका सबै कार्यक्रम नेपालमा निर्वाध प्रसारण भईरहेका छन् । दफा १७ को उपदफा (५) मा कुनै विदेशी प्रसारण संस्थाले आफ्नो मुलुकमा प्रसारण हुने कुनै कार्यक्रम डाउनलिंक गरी प्रदेशभित्र प्रसारण गराउन चाहेमा तोकिएको दस्तुरसहित तोकिएको ढाँचामा मन्त्रालयसमक्ष निवेदन दिनुपर्नेछ । यसरी प्राप्त निवेदन उपर छानविन गरी नेपाल सरकारको सञ्चार क्षेत्र हेर्ने मन्त्रालयसँगको समन्वयमा अनुमति दिन सकिनेछ ।[१५]

त्यस्तै दफा ६ मा प्रेस रजिष्ट्रारको नियुक्ति सम्वन्धमा सरकारी पक्ष मात्र सहभागि भएको देखिन्छ । यसमा पत्रकार महासंघको प्रतिनिधि हुनुपर्ने सरोकारवालाको भनाई छ । सञ्चार माध्यमको नियमन, वर्गीकरण लगायत कार्य गर्नपर्छ तर यस्तो कार्य कसले गर्ने भन्ने महत्वपूर्ण विषय हो । तर, विधेयकमा उल्लेख भए झैं सञ्चार मन्त्रालयको सचिवले यस्ता विषय हेर्ने कार्य कुनै हिसावले पनि लोकतान्त्रिक हुन सक्दैन । विधेयकमा मन्त्रालयका सचिवलाई दिइएको अधिकार प्रेस रजिष्ट्रारलाई दिनु उचित हुन्छ । प्रेस रजिष्ट्रारको छनोट गर्न मन्त्रिपरिषद्ले विज्ञ समिति गठन गरी समितिको सिफारिसमा मन्त्रिपरिषदले छनोट गर्ने व्यवस्था गर्नुपर्छ । आमसञ्चार विधेयकले भने सूचना मन्त्रालयको सचिवस्तरबाट छनोट गर्ने व्यवस्था गरेको छ  जसले प्रेस रजिष्ट्रारलाई कर्मचारी मातहत राख्न खोजेको देखिन्छ । प्रेस रजिष्ट्रारको कार्यालय संघमा प्रेस काउन्सिलजस्तै स्वायत्त संस्था हुनुपर्छ । प्रेस रजिष्ट्रारलाई स्वायत्त नबनाई मन्त्रालयको सचिव मातहत राख्दा प्रेस स्वतन्त्रतामाथि सत्ताले डन्डा चलाउन प्रेस रजिष्ट्रारलाई प्रयोग गर्न सक्छ । त्यसैले पनि प्रेस रजिष्ट्रारलाई स्वायत्तता दिनुपर्छ ।[१६]

लोककल्याणकारी विज्ञापनको बाँडफाँट जसरी केन्द्रमा सूचना विभाग र प्रेस काउन्सिलको समन्वयमा भइरहेको छ । त्यस्तै प्रदेशमा प्रेस रजिष्ट्रारको कार्यालयले गर्दा सजिलो हुन्छ । विधेयकमा कतिपय कुरा संघीय कानुनमा व्यवस्था भइसकेका कुरा पनि छन् । जस्तो, सार्वभौमिकताविरूद्ध लेखेमा, राष्ट्रिय अखण्डताविरूद्ध लेखेमा लगायतमा अदालतमा मुद्दा चल्ने कुरा पनि छ । यस्तो व्यवस्था संघीय कानुनमा गरिसकेको हुँदा प्रदेशको कानुनमा त्यस्तो व्यवस्था दोहोऱ्याउन जरूरी छैन ।[१७]

न्यायिक निकायमा समाचार वा विचारका विषयलाई प्रवेश नै नगराई सिधै मन्त्रालयका सचिवले पत्रकारसँग ५ हजारदेखि २५ हजार रूपैयाँसम्म जरिवाना असुल गर्न सक्ने जस्ता प्रावधान यसमा राखिएका छन् । कर्मचारीले पत्रकारलाई कारबाही गर्न सक्ने गरी विधेयक ल्याइएको

१२ दुर्गा भण्डारी, प्रेस काउन्सील सदस्य । सीएमआर नेपालले २०७८ भदौ १५ गते आयोजना गरेको छलफलमा ब्यक्त धारणा ।

१३ नारायण शर्मा, पत्रकार महासंघका गण्डकी प्रदेश अध्यक्ष । सीएमआर नेपालले २०७८ भदौ १५ गते आयोजना गरेको छलफलमा ब्यक्त धारणा ।

१४ शिव खकुरेल, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक),गण्डकीका संयोजक । सीएमआर नेपालले २०७८ भदौ १५ गते आयोजना छलफलमा ब्यक्त धारणा ।

१५ सीएमआर नेपाल । सन् २०१८ । गण्डकी प्रदेश आमसञ्चार नीति, २०७५ को मस्यौदामाथि टिप्पणी र सुझाव । http://www.mediapolicy.org.np/2018/09/media-policy-reviews-recommendations/430/

१६ Ibid

१७ केशवशरण लामिछाने, पत्रकार अन्नपुर्ण पोष्ट (कुराकानीमा आधारित) ।

छ जुन आपत्तिजनक छ । जस्तो विधेयकको परिच्छेद १० को दफा ४७ को १ र ३ लाई हेर्ने हो भने मुद्दा हेर्ने अधिकारीमा मुद्दाको सुरू कारबाही र किनारा गर्ने अधिकार मन्त्रालयका सचिवमा हुने उल्लेख गरेको छ । दफा ४७ को १ मा इजाजतपत्र नलिई कार्यक्रम उत्पादन, वितरण तथा डाउनलिंक गरेमा त्यस्ता व्यक्तिलाई इजाजतपत्र दस्तुरवापत लाग्ने दस्तुर बराबरको रकम असुल गरी सो बराबरको रकम जरिवाना हुने उल्लेख छ । यस्तै, दफा ४७ को ३ मा ऐनअन्तर्गत बनेका नियमबमोजिम गर्नुपर्ने कार्य नगरे वा गर्न नहुने कार्य गरे कसुरको मात्रा हेरी ५ हजारदेखि २५ हजार रूपैयाँसम्म जरिवाना गर्न सक्ने उल्लेख गरिएको छ । यस्ता प्रावधानले पत्रकार तथा सञ्चार माध्यमलाई नियन्त्रण गर्ने आफूप्रति वफादार बनाउने नियत राखेको प्रष्ट्याउँछ । यस्ता अरू केही प्रावधान छन् जसले पत्रकारलाई अंकुश लगाएको देखिन्छ । नेपालको संविधान २०७२ को धारा १९ को २ मा समाचार, लेख प्रकाशन एवं प्रसारण गरेबापत सञ्चारमाध्यम बन्द, जफत वा दर्ता खारेज गर्न नसकिने उल्लेख छ । यो विधेयकले संविधानको यो व्यवस्थालाई समेत कुल्चेको छ ।[१८]

गण्डकी प्रदेश सरकारले ल्याएको 'गण्डकी प्रदेशमा आमसञ्चार सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक' माथि प्रशस्त छलफल गर्नुपर्ने देखिन्छ । यो विधेयकमा राखिएका धेरै विषय बाझिएकाले यसमाथि प्रशस्त छलफल, बहस हुन जरूरी छ । पहिलो, यो विधेयक संविधानसँग बाझिएको छ । संविधानको धारा १९ को उपधारा २ मा कुनै श्रव्य, श्रव्यदृश्य वा विद्युतीय उपकरणको माध्यम वा छापाखानाबाट कुनै समाचार, लेख, सम्पादकीय, रचना, सूचना वा अन्य कुनै सामग्री मुद्रण वा प्रकाशन, प्रसारण गरे वा छापेबापत त्यस्तो सामग्री प्रकाशन, प्रसारण गर्ने वा छाप्ने रेडियो, टेलिभिजन, अनलाइन वा अन्य कुनै किसिमको डिजिटल वा विद्युतीय उपकरण, छापा वा अन्य सञ्चार माध्यमलाई बन्द, जफत वा दर्ता खारेज वा त्यस्तो सामग्री जफत नगरिने व्यवस्था छ । तर, प्रदेशले ल्याएको विधेयकको दफा १५ मा संवैधानिक व्यवस्थाविपरीत सञ्चार माध्यमको दर्ता खारेज हुन सक्ने व्यवस्था गरेको छ ।

यसका विषयहरू प्रेस काउन्सिल ऐन २०४८, छापाखाना र प्रकाशनसम्बन्धी ऐन २०४८ लगायतका अन्य ऐन कानुनसँग बाझिएका छन् । अर्धन्यायिक निकायका रूपमा प्रेस काउन्सिलले आमसञ्चारको नियमन र निरीक्षण गर्छ भने कारबाहीको निर्णय समेत गर्छ । यो विधेयकको दफा १३ मा छापा सञ्चारको वर्गीकरणको व्यवस्था छ जबकि यो काम अहिले प्रेस काउन्सिल नेपालले गरिरहेको छ । विधेयकमा भएका थुप्रै विषयहरूलाई स्पष्ट पार्न आवश्यक छ ।

समाचार वा विचारका विषयमा कर्मचारीले पत्रकारलाई कारबाही गर्ने व्यवस्था नै अचम्मलाग्दो किसिमको छ । यसले सरकार पक्ष पनि हुने अनि न्याय निरूपण गर्न न्यायाधीशको भुमीका पनि निर्वाह गर्ने अनौठो अवस्था रहेको देखाउँछ । यो कानुनअनुसार त सरकारका सचिवलाई मन नपर्दा वा सरकारका गलत कुरा लेखेबापत पत्रकारलाई सजिलै कारबाहीको निर्णय हुन सक्ने देखिन्छ । जुन कुरा स्वतन्त्र पत्रकारिताका लागि सबैभन्दा बढी खतरनाक छ । मन्त्रालयका सचिवले न्याय निरूपण गर्न पाउने गरी ल्याइएको यो विधेयक नै अनौठो प्रकारको छ । न्यायिक विषयसँग जोडिएको कुरा एउटा सचिवले कसरी किनारा लगाउन सक्छ भन्ने गम्भीर प्रश्न उठेको छ । यो अवस्थामा गण्डकी प्रदेश सरकारले ल्याएको यो विधेयक संसदबाट हुबहु पारित भए स्वतन्त्र पत्रकारितामा ठूलो धक्का लाग्ने पक्का छ । त्यसैले यो विधेयकमा थुप्रै विषय बाझिएकाले सदनभित्र र सदनबाहिर सरोकारवालासँग व्यापक परिमार्जन गरी यो विधेयक टेबुल गर्नुपर्छ ।[१९]

गण्डकी प्रदेशमा आमसञ्चार सम्वन्धमा व्यवस्था गर्न बनेको विधेयकका प्रस्तावित व्यवस्थाका केही बुँदाहरू प्रेस स्वतन्त्रता विरोधी छन् । प्रस्तावनामा 'सञ्चारमाध्यमलाई स्वतन्त्र, मर्यादित र जिम्मेवार बनाई बिचार र अभिव्यक्तिको स्वतन्त्रता तथा सञ्चारको हकलाई थप प्रभावकारी बनाउन' भनेपनि विधेयक चाहिँ स्वतन्त्र प्रेसलाई नियन्त्रित गर्ने उद्देश्यबाट प्रेरित छ । प्रस्तावित विधेयकको खासगरी परिच्छेद १० को सजाय र पुनरावेदनको दफा ४५ को दण्ड सजायको व्यवस्था नेपालको संविधानको धारा १७ को स्वतन्त्रताको हक र धारा १९ को सञ्चारको हकसँग बाझिनेगरी आएको छ । दफा ४५ मा दण्ड सजायको व्यवस्थामा मुद्दाको सुरू कारवाही र किनारा गर्ने अधिकारी मन्त्रालयको सचिवलाई तोक्नु नितान्त आपत्तिजनक छ । फौजदारी अपराधमा जसरी १० हजारसम्म जरीवाना वा एक बर्षसमम्म कैद र दुवै हुन सक्ने व्यवस्था आपत्तिजनक छ । यस्ता प्रावधानले कार्यपालिका र व्यवस्थापिका मूलतः स्वतन्त्र प्रेसको विकास चाहँदैनन् बरू नियन्त्रण चाहन्छन् भन्ने स्पष्ट हुन्छ ।

१८ गोविन्द सुवेदी, महासचिव पत्रकार महासंघ, गण्डकी प्रदेश (कुराकानीमा आधारित) ।

१९ मनोज घर्तीमगर, अधिवक्ता तथा पत्रकार (कुराकानीमा आधारित) ।

प्रेसलाई कुण्ठित गरेर होइन पत्रकार जगतको वृत्ति विकास, श्रमजीवी पत्रकारको सेवा सुविधालाई सुनिश्चित गर्न विधेयकमा व्यवस्था गरिनुपर्छ । प्रेस सामाग्री छाप्नु र प्रवाह गर्नुअघि पूर्वप्रतिवन्ध लगाउन नपाइने संविधानको मूल मर्म र भावनाको अवज्ञा गरेर प्रकाशन र प्रसारणमा रोक लगाउने व्यवस्था अमान्य छ ।[२०] अदालतमा विचाराधीन मुद्दाका बारेमा अस्वस्थ टीकाटिप्पणी गरी कुनै सामाग्री प्रकाशन, प्रसारण गर्दाका बखत पत्रकारहरू सचेत र सजग हुनुपर्ने, यदी उक्त कार्य गरे/गराएमा सञ्चारगृहलाई प्रतिबन्ध नै लगाउन सक्ने किसिमको व्यवस्था विधेयकमा रहेको छ । त्यस्तै विधेयकमार्फत् नै पारिश्रमिक, सेवा, सुविधाको व्यवस्था गर्न खोजिएको तथा पत्रकार र प्रसारकको योग्यतासम्बन्धी व्यवस्थाले व्यवसायिक, मर्यादित र सक्षम पत्रकारिताको अवधारणालाई अगाडी सारेपनि कार्यान्वयनको तहमा चुनौतीपुर्ण नै रहेको छ ।[२१]

## सामाजिक संघ संस्था

कुनैपनि संघसंस्था खोल्ने नागरिक स्वतन्त्रतालाई सुनिश्चित गरी गैरसरकारी क्षेत्रमा स्थापना हुने सामाजिक तथा नागरिक समाजका संस्थाहरूलाई सामाजिक सेवा, पर्यावरणीय तथा नागरिक अधिकार संरक्षण तथा सामाजिक विकासमा संलग्न गराउन, त्यस्ता संस्थाको स्थापना, दर्ता र व्यवस्थापनको नियमन गर्न त्यस्ता संस्थाहरूले सम्पादन गर्ने कामकारवाहीलाई जवाफदेही र पारदर्शी बनाउनका लागि सामाजिक संघसंस्थासँग सम्बन्धित कानुन आवश्यक पर्छ ।

गण्डकी प्रदेश सरकारको शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास मन्त्रालयले २०७५ मा सामाजिक संघ, संस्थासँग सम्बन्धित विधेयकको मस्यौदा तयार पारेको थियो । तर, यो मस्यौदा तयार पार्ने काम सामाजिक विकास मन्त्रालयको नभएको र त्यसको जिम्मा आन्तरिक मामिला मन्त्रालयको भएकोले मस्यौदा आन्तरिक मामिला मन्त्रालयमा पठाइएको थियो । संघीय सरकारमा पनि सामाजिक संघसंस्थासँग सम्बन्धित विधेयक गृह मन्त्रालयले पेश गर्ने भएकाले प्रदेशमा पनि आन्तरिक मामिला मन्त्रालयको कार्यक्षेत्र पर्ने भएकोले त्यो विधेयक आन्तरिक मामिला मन्त्रालयमा पठाइयो । त्यसपछि त्यो विधेयक अघि बढेको छैन ।[२२]

२० नारायण कार्की, पत्रकार, बिबिसी, पोखरा (कुराकानीमा आधारित) ।
२१ प्रदीपकुमार राना, अधिवक्ता (कुराकानीमा आधारित) ।
२२ सुशीला आचार्य, सूचना अधिकारी, शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास मन्त्रालय, सामाजिक विकास महाशाखा, गण्डकी प्रदेश

## सुझावहरू

विधेयकमा मिडिया स्वतन्त्रताको प्रबर्धन होइन, बन्देज वा नियन्त्रणको गुन्जायस पाइन्छ । त्यसबाट मुक्त हुनका लागि सैद्धान्तिक र वैचारिक रूपमा नै प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मूल्य तथा मान्यताबाट निर्देशित हुन जरूरी छ । त्यस्तै, विधेयकको प्रस्तावनामा 'गण्डकी प्रदेशमा सञ्चालन हुने आमसञ्चार माध्यमलाई स्वतन्त्र, मर्यादित र जिम्मेवार बनाई विचार, अभिव्यक्ति स्वतन्त्रता तथा सञ्चारको हकलाई प्रभावकारी बनाउने सम्बन्धमा कानुनी व्यवस्था गर्न' भनी जे जस्तो विषय उल्लेख गरिएको छ, त्यसले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको मर्मलाई आत्मसात गरेको छैन । संविधानले प्रत्याभूत गरेका प्रावधानलाई विधेयकले आत्मसात गर्नुपर्छ । रजिष्ट्रारको व्यवस्था हुँदाहुँदै सञ्चार समन्वय समिति बनाउन आवश्यक छैन । रजिष्ट्रारलाई अधिकारसम्पन्न बनाउँदा बढी प्रभावकारी हुन सक्छ ।

छापासञ्चार दर्ता भएको मितिले एक वर्षभित्र एक अंक पनि प्रकाशन नगरेमा, छापाखाना प्रकाशन नगरेको मितिले एक वर्षभित्र त्यसको लिखित सुचना प्रेस रजिष्ट्रारलाई नदिएमा, दर्ता भएको पाँच वर्षसम्म पनि कुनै अंक प्रकाशन नगरेमा त्यस्तो छापा सञ्चारको दर्ता कायम नरहने प्रावधान नेपालको संविधान २०७२ सँग बाझिएको हुँदा यस्तो प्रावधानलाई हटाउन जरूरी छ । सार्वजनिक प्रसारण संस्था र सामुदायिक प्रसारण संस्थाले प्राथमिकतामा राखी प्रसारण गर्ने विषय सञ्चारमाध्यमको सम्पादकीय अधिकारको विषय भएकोले राज्यले तोक्नु आधारभूत सिद्धान्त विपरीत हुने हुँदा हटाउँदा उपयुक्त हुन्छ ।

कुनै सामग्री आफ्नो अनलाइनमा प्रकाशन, प्रसारण, साभार वा उल्लेख गरेकोमा सो सामग्री दफा ४२ विपरित ठहरिएमा त्यस्तो सामग्री उत्पादन गर्ने र दफा २० को उपदफा ४ मा सार्वजनिक सेवा प्रसारण संस्था, सामुदायिक प्रसारण संस्था र निजी एवं व्यापारिक प्रसारण संस्थाले अन्तर्राष्ट्रिय प्रसारण माध्यमबाट प्रसारित समाचारप्रधान सामग्री र कार्यक्रमलाई मन्त्रालयले अनुगमन, नियमन तथा आवश्यक निर्देशन दिन सक्ने व्यवस्थाले हस्तक्षेप निम्त्याउन सक्छ । त्यसैले निर्देशनको ठाउँमा सुझावभन्दा उचित हुन्छ । प्रसारकको काम कर्तव्य र अधिकारमा सञ्चार माध्यम र पत्रकारले के गर्न हुने वा के गर्न नहुने भन्ने विषय आचार संहितामा उल्लेख हुने भएकाले विधेयकमा राख्न जरूरी छैन ।

आचारसंहिताको उल्लघंन हेर्ने विषय प्रेस रजिष्ट्रारको क्षेत्रभित्र राखिएको छ । प्रसारण माध्यमको इजाजत, नियमन र अनुगमन आचार संहिता सबै हेर्ने व्यवस्था प्रेस रजिष्ट्रारमा नराख्दा उचित हुन्छ । आचार संहिता हेर्नका लागि छुट्टै संयन्त्र बनाउन जरूरी देखिन्छ । मन्त्रालयले प्रेस रजिष्ट्रारलाई आवश्यक निर्देशन दिन सक्ने प्रावधानको दुरूपयोग हुन सक्ने हुँदा निर्देशनको सट्टा सुझाव शब्द राख्नु उपयुक्त हुन्छ । प्रेस रजिष्ट्रारको योग्यतामा नेपाल सरकार वा प्रदेश सरकारबाट प्रेस प्रतिनिधि प्रमाणपत्र प्राप्त गरी कम्तिमा दश वर्ष पत्रकारिता क्षेत्रमा क्रियाशील रहेकोमा नेपाल सरकार वा प्रदेश सरकारबाट प्रेस प्रतिनिधि प्रमाणपत्र प्राप्त गरेको र कम्तिमा दश वर्ष पत्रकारिता क्षेत्रमा काम गरेको प्रावधान राख्दा थप स्पष्ट हुन्छ ।

सेन्टर फर मिडिया रिसर्च–नेपाल, मिडिया र नागरिक समाजसँग सम्बन्धित नीतिगत तथा व्यवहारिक पक्षमा अध्ययन तथा अनुसन्धान गर्ने संस्था हो । सेन्टरले मिडिया र नागरिक समाजका विभिन्न पक्षबारे अनुगमन, छलफल, तालिम, गोष्ठी, सेमिनारलगायत कार्य गर्दै आएको छ । सेन्टरले पछिल्लो समय सङ्घीय, प्रादेशिक र स्थानीय सरकारले निर्माण गरेका मिडिया र नागरिक समाजको क्षेत्रलाई संकुचन गर्ने गरी ल्याइएको नीति तथा कानुनहरूका कमी/कमजोरी केलाएर संशोधनका लागि टिप्पणी तथा सुझाव दिंदै आएको छ । समग्रमा, मिडिया एवं नागरिक समाजसँग सम्बन्धित नीतिबारे अध्ययन/अनुसन्धान गर्न चाहनेहरूको सहजता र नीति सम्बन्धमा सरोकारवालाहरूको सरोकार एवं कार्यलाई एकीकृत गरी नीतिलाई समयसापेक्ष र लोकतान्त्रिक बनाउन सहयोग गर्ने उद्देश्यले सेन्टरले नेपालः मिडिया पोलिसी हब र सिभिक स्पेश पोलिसी हब सञ्चालन गर्दै आएको छ ।

**थप जानकारीका लागिः**

**सेन्टर फर मिडिया रिसर्च - नेपाल**
पो.ब.नं. २४६२२, काठमाडौं, नेपाल
रूद्रमति मार्ग, अनामनगर, काठमाडौँ ।
इमेलः cmrnepal@butmedia.org
वेभः research.butmedia.org